# कााँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www.kankrebihar.com

राष्ट्रिय दैनिक

राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १९४ | सोमवार, १४ वैशाख, २०८३ | Monday, 27 April 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०







## विदाको दिन अनुमति विना चलेका सरकारी सवारी नियन्त्रणमा



❒ **कााँक्रेविहार संवाददाता**
वीरेन्द्रनगर, १३ वैशाख

सार्वजनिक विदाको दिन विना अनुमति सञ्चालन हुने सरकारी सवारी साधनको दुरुपयोग रोक्न जिल्ला प्रहरी कार्यालय सुर्खेतले सक्रियता बढाएको छ ।

शनिबार र अन्य सार्वजनिक विदाका दिन सरकारी सवारी साधन निजी काममा प्रयोग हुने गरेको गुनासो बढेपछि प्रहरीले विशेष निगरानी सुरु गरेको हो । जिल्ला प्रहरी कार्यालय सुर्खेत तथा मातहतका प्रहरी इकाईहरुबाट खटिएको टोलीले आइतबार जिल्लाका विभिन्न स्थानमा चेकजाँच गर्ने क्रममा सवारी पास नलिई सञ्चालन भएका दर्जन बढी सरकारी सवारी साधनहरुलाई नियन्त्रणमा लिएको छ । मध्यपूर्वी देश इरानमा अमेरिका र इजरायलले आक्रमण थालेपछि इन्धनमा आपूर्तिमा परेको संकट कम गर्न सरकारले हप्तामा दुई दिन बिदा दिने निर्णय गरेको थियो । सरकारको निर्णय बमोजिम शनिबारसँगै आइतबार पनि सार्वजनिक बिदा हुँदै आएको छ । सरकारले इन्धनको संकट कम गर्न अत्यावश्यक बाहेक सरकारी नम्बर प्लेटका सवारी नचलाउन निर्देशन दिएको थियो । तर सरकारको यहीँ निर्देशन अटेर गर्ने क्रम बढेपछि प्रहरीले एक्सन लिएको हो ।

प्रहरीका अनुसार विदाको दिनमा अनिवार्य रुपमा लिनुपर्ने सवारी पास नभएका विभिन्न सरकारी कार्यालयका साना तथा ठुला सवारी साधनहरुलाई सडकबाटै नियन्त्रणमा लिइएको छ । नियन्त्रणमा लिइएका सवारी साधनहरुमा सरकारी नम्बर प्लेट भएका जिप, कार र मोटरसाइकल छन् ।

जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रवक्तासमेत रहेका प्रहरी नायव उपरीक्षक मोहनजंग बुढथापाले सरकारी सम्पत्तिको दुरुपयोग रोक्न र नियमको पूर्ण पालना गराउन अभियान थालिएको जानकारी दिए । विदाको दिन अनुमति विना सरकारी सवारी साधन चलाउने प्रवृत्तिले राज्यकोषमा भार थपिने र सुशासनको बर्खिलाप हुने भन्दै प्रहरीले कडाइ गरेको हो ।

### वन्यजन्तु र मानव स्वास्थ्यमा हानी :

# वन डढेलोले वायु प्रदूषण बढ्दै

*वन क्षेत्रमा लाग्ने डढेलोका कारण वनस्पति नष्ट हुनुका साथै वन्यजन्तुको बासस्थानसमेत जोखिममा परेको छ ।*

❒ **कााँक्रेविहार संवाददाता**
सुर्खेत, १३ वैशाख

पछिल्ला वर्षहरूमा वन क्षेत्रमा लाग्ने डढेलोको समस्या गम्भीर बन्दै गएको छ । डिभिजन वन कार्यालय सुर्खेतका अनुसार आर्थिक वर्ष २०८०/०८१ मा जिल्लाभर करिब ६ हजार ७२१ हेक्टर राष्ट्रिय तथा सामुदायिक वनमा डढेलो लागेको थियो।

यस्तै आर्थिक वर्ष २०८१/०८२ मा भने डढेलोको प्रभाव केही घटेर करिब एक हजार २०० हेक्टर वन क्षेत्रमा सीमित भएको थियो । तर चालु आर्थिक वर्षमा भने जतातत्तै डढेलो लाग्ने क्रम जारी छ, जसले वन सम्पदा र जैविक विविधतामा गम्भीर असर पारिरहेको छ ।

वन क्षेत्रमा लाग्ने डढेलोका कारण वनस्पति नष्ट हुनुका साथै वन्यजन्तुको बासस्थानसमेत जोखिममा परेको छ । साथै स्थानीयवासीको जीवनयापन र वातावरणीय सन्तुलनमा पनि प्रत्यक्ष असर गरिरहेको छ । वन कार्यालयले डढेलो नियन्त्रणका लागि जनचेतना अभिवृद्धि, निगरानी तथा स्थानीय समुदायको सक्रिय सहभागितामा जोड दिए पनि आगलागी नियन्त्रण हुनसकेको छैन ।

पछिल्ला दिनहरूमा वायु प्रदूषण उल्लेख्य रूपमा बढ्दै जाँदा बिरामीको संख्या पनि बढ्न थालेको छ । वातावरणमा धुलो-धुवाँ तथा सूक्ष्म कणको मात्रा बढ्दा जनस्वास्थ्यमा प्रत्यक्ष असर परिरहेको छ । रुघाखोकी, दम, श्वासप्रश्वाससम्बन्धी समस्या तथा आँखामा जलन जस्ता लक्षण लिएर स्वास्थ्य संस्थामा पुग्ने बिरामीहरूको संख्या बढ्दै गएको छ ।

वायु गुणस्तर मापदण्डअनुसार सुर्खेतसहित देशका धेरै सहरहरूको वायु गुणस्तर अस्वस्थ तहमा पुगेको छ भने, सुर्खेत सबैभन्दा बढी प्रदूषित सहरका रूपमा देखिएको छ । यस अवस्थालाई मध्यनजर गर्दै स्थानीय तहहरूले सर्वसाधारणलाई आवश्यक सतर्कता अपनाउन आग्रह गरेका छन् ।

समयमै नियन्त्रण गर्न नसकिए डढेलोको असर अझ बढ्न सक्ने भन्दै सम्बन्धित निकायले सचेत रहन आग्रह गरेका छन् ।



#### डढेलो नियन्त्रणमा चुनौती

सामुदायिक वनमा विमती राख्नेहरूले डढेलो लगाउने गरेको पनि आरोप छ । यसले उपभोक्ताले दुःख पाउने गरेका छन् । गर्मीको मौसम त्यसमा पनि सुकेका पातपतिंगर र सुकेका ढलापडा काठले डढेलो फैलाएको वन डिभिजन कार्यालय सुर्खेतले जनाएको छ ।

वनमा लाग्ने डढेलो नियन्त्रणका लागि विभिन्न सचेतनाका कार्यक्रम राखिएको कार्यालयका वरिष्ठ वन अधिकृत भरतबहादुर थापाले बताए । उनका अनुसार हरेक वर्ष वनमा डढेलो फैलिने गरेको छ । साधन स्रोत र जनशक्ति अभावका कारण डढेलो नियन्त्रणमा चुनौती हुनेगरेको छ ।

अहिले कार्यालयमा सात जना शसस्त्र वन रक्षक रहेका छन् भने डढेलो नियन्त्रणका लागि पानी ट्र्याङ्की मात्र रहेको छ । यो वर्ष मात्र वीरेन्द्रनगरका पाँच वटा स्थानमा डढेलो लागेको कार्यालयले जनाएको छ । स्थानीय र कार्यालयको पहलमा पाँचै ठाउँमा डढेलो नियन्त्रणमा लिइएको वरिष्ठ वन अधिकृत थापाले बताए ।

कर्णाली प्रदेश सरकारले पनि वन संरक्षणका लागि विभिन्न कार्यक्रम कार्यान्वयन गरिरहेको छ । तर पनि बर्सेनि रूपमा वन मासिँदै गइरहेको छ । डढेलोको कारण कार्बन उत्सर्जनमा वृद्धि भएको छ । भने वातावरण प्रदूषित भएको छ ।

सन् २०४५ सम्ममा नेपालले शून्य कार्बन उत्सर्जन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ, जसलाई यसले चुनौती दिएको छ । मानव तथा जीवजन्तुको स्वास्थ्यमा नराम्रो असर परेको छ । जनधनको क्षति भएको, जीवजन्तु तथा बोटबिरुवामा क्षति भएको, लोप हुन लागेका प्रजाति विलुप्त हुने र यसले गर्दा पर्यावरणलाई नै असर पुऱ्याएको छ ।

यती मात्र होइन, वनमा रहने सर्प, बिच्छीलगायत जीव डढेलो छल्न मानव बस्तीतिर पस्छन् । फलस्वरूप कीट आतङ्क बढ्छ । हरेक वर्ष लाग्ने डढेलोको कारण पानीका मुहान सुक्दै गएका छन् । भने ढलेसुकेका काठ, बहुमूल्य जडिबुटी नष्ट भएको छ ।

कार्बनडाइअक्साइड, कार्बनमोनोअक्साइड, मिथेन र अन्य प्राङ्गारिक ग्यास पैदा हुन्छ । यी ग्यासले वायुमण्डलमा रहेको ओजन तहमा क्षति पुग्न गई वायुमण्डलको तापक्रममा बृद्धि हुन्छ ।

तर सुर्खेतका सबै स्थानीय तहमा रहेका सामुदायिक तथा राष्ट्रिय वनहरुमा आगलागी हुनेक्रम बढ्दो छ । यसले बर्सेनि वन मासिँदै गएको छ । भने सरकारले डढेलो रोकथामका लागि विभिन्न कार्यक्रम कार्यान्वयन गरेको भएपनि प्रभावकारी बन्न सकेको छैन ।

डढेलोकै कारणले सामुदायिक वन छियाछिया बनेको छ । अत्यधिक गर्मी, त्यसमाथि हावाहुरी चल्दा कर्णालीका राष्ट्रिय तथा सामुदायिक वन डढेलोको चपेटामा परेका हुन् । डढेलोका कारण निस्कने धुँवाका कारण वायु प्रदूषण थप बढेको वीरेन्द्रनगरवासी बताउँछन् । वनमा ढडेलो लाग्दा जंगली जनावरलाई समेत असर परेको छ ।

यो वर्षको हालसम्म वीरेन्द्रनगरका दर्जन बढी सामुदायिक वनमा डढेलो लागेको छ । मानवीय त्रुटिका कारण वनमा डढेलो लागेको स्थानीय रामबहादुर केसीले बताए । 'मानवीय त्रुटिका कारण वनमा डढेलो लाग्नेक्रम बढेको छ । चुरोट बीडि खाएर जथाभावी रूपमा फाल्ने र घाँस पलाउने आशमा डढेलो लगाउने गरिएको सुनिन्छ' उनले भने, 'हामीसँग डढेलो निभाउन सक्ने आधुनिक उपकरण, दक्ष र पर्याप्त जनशक्ति छैन । जसले गर्दा घना जंगलमा फैलिएको डढेलो नियन्त्रण गर्न हम्मेहम्मे पर्छ ।'

छिताबारी सामुदायिक वनका कोषाअध्यक्ष रमा योगीका अनुसार अहिले सामुदायिक र राष्ट्रिय वन डढेलोको मारमा पर्दैछ । जताजतै हेर्दा ठाउँठाउँमा डढेलो लागेको देखिने गरेको उनको भनाइ छ । उनका अनुसार पर्याप्त जनशक्ति र उपकरण अभावले जंगलैभरी लागेको डढेलो निभाउन स्थानीयलाई सकस छ ।

'एकातिर गर्मी अर्कातिर लामो समयदेखिको खडेरी छ, जसले गर्दा वन क्षेत्रमा लागेको डढेलो चाँडै फैलिन्छ' उनले भनिन्, 'खडेरीले गर्दा यसपालि डढेलोको जोखिम बढी छ । समुदायमा रहेका केही गलत सोचका कारण मानिसले जंगलमा आगजनी गर्ने गरेको पाइन्छ ।'

## १७ वटा राजदूतावास खाली, नयाँ नियुक्तिमा कुनै सुरसार छैन

❒ **कााँक्रेविहार संवाददाता**
काठमाडौं, १३ वैशाख

विभिन्न १७ वटा देशमा नेपालका लागि राजदूत पद रिक्त रहेको छ ।

जेनजी आन्दोलनपश्चात् गठित सुशीला कार्की नेतृत्वको सरकारले गत असोजको अन्तिम साता ११ जना राजदूतलाई फिर्ता बोलाएको थियो । ती स्थानमा नयाँ नियुक्ति गर्न नपाउँदै बालेन्द्र शाह नेतृत्वको सरकारले गत चैतको अन्तिम साता थप ६ जना राजदूतलाई फिर्ता बोलायो ।

राजदूत नियुक्तिसम्बन्धी निर्देशिका २०७५ अनुसार राजदूतको पद रिक्त हुनुभन्दा सामान्यतया तीन महिनाअघि नै नियुक्ति प्रक्रिया सुरु गर्नुपर्ने व्यवस्था छ, तर ६ महिना बितिसक्दा पनि विभिन्न दूतावासहरूमा राजदूत पद खाली छन् र नयाँ राजदूत नियुक्तिको कुनै सुरसार पनि देखिँदैन ।

तत्कालीन सुशीला कार्की नेतृत्वको सरकारले गत असोज ३० गतेको मन्त्रिपरिषद् बैठकबाट चीन, जर्मनी, मलेसिया, इजरायल, कतार, रुस, साउदी अरब, स्पेन, अमेरिका र जापानका लागि नियुक्त नेपाली राजदूतहरूलाई फिर्ता बोलाएको थियो ।

त्यसपछि बालेन्द्र शाह नेतृत्वमा गठित सरकारले चैत २३ गते बसेको मन्त्रिपरिषद् बैठकले भारतका लागि नेपाली राजदूत डा. शंकरप्रसाद शर्मा, दक्षिण कोरियाका लागि डा. शिवमाया तुम्बाहाम्फे, अस्ट्रेलियाका लागि चित्रलेखा यादव, श्रीलंकाका लागि डा. पूर्णबहादुर नेपाली, डेनमार्कका लागि सुम्निमा तुलाधर र दक्षिण अफ्रिकाका लागि कपिल श्रेष्ठलाई फिर्ता बोलाएको थियो । परराष्ट्र मन्त्रालयले उनीहरूलाई एक महिनाभित्र नेपाल फर्किन पत्र पठाइसकेको छ ।

परराष्ट्र मन्त्रालयका अनुसार हालसम्म कोही पनि राजदूत नेपाल आइपुगेका छैनन्, यद्यपि उनीहरू फर्किने तयारीमा छन् ।

आगामी भदौसम्म थप सात जना नेपाली राजदूतको कार्यकाल समाप्त हुँदै छ । परराष्ट्र मन्त्रालयबाट नियुक्त बंगलादेश, बहराइन, इजिप्ट, म्यानमार, फ्रान्स र ब्राजिलका राजदूतहरूको पनि कार्यकाल सकिँदै छ । यसरी आगामी तीन-चार महिनाभित्र कुल २४ वटा देशका राजदूतवास खाली हुनेछन् ।

**नियुक्ति प्रक्रिया अझै सुरू भएन**

परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर क्षेत्रीले राजदूत नियुक्तिका लागि मन्त्रालयमा कुनै प्रक्रिया सुरु नभएको बताए । उनले भने, 'सरकारले आन्तरिक गृहकार्य गरिरहेको होला, तर परराष्ट्र मन्त्रालयमा भने कुनै औपचारिक प्रक्रिया सुरु भएको छैन ।' राजदूत नियुक्ति प्रक्रिया मन्त्रालयबाटै प्रारम्भ हुने गर्छ ।

मन्त्रालयले राजदूतका लागि सम्भावित उम्मेदवारको सूची तयार गर्छ । निर्देशिकामा उल्लेख भएअनुसार, राजदूतको रिक्त पदमा नियुक्तिका लागि नेपाल परराष्ट्र सेवाका विशिष्ट वा राजपत्रांकित प्रथम श्रेणीका कर्मचारीहरू तथा देशको परराष्ट्र नीति, अन्तर्राष्ट्रिय सम्बन्ध एवं कूटनीतिक क्षेत्रमा महत्त्वपूर्ण दक्खल वा योगदान पुऱ्याएका व्यक्तिहरूबाट सिफारिस हुने गर्छ ।

यसमा परराष्ट्र सेवाका कर्मचारी र बाहिरका विज्ञ (राजनीतिक नियुक्ति) बाट ५०/५० प्रतिशत नियुक्त गर्ने प्रावधान रहेको छ ।

निर्देशिकामा भनिएको छ, 'राजदूत नियुक्ति गर्दा कुल राजदूत पदको ५० प्रतिशतभन्दा कम नहुने गरी नेपाल परराष्ट्र सेवाका राजपत्राङ्कित विशिष्ट वा प्रथम श्रेणीका बहालवाला अधिकृतमध्येबाट मन्त्रालयको सिफारिसलाई ध्यानमा राखी मन्त्रिपरिषद्ले निर्णय गर्नेछ ।'


## होडिङ्ग बोर्डमार्फत विज्ञापन गर्दा के गर्ने ?

**विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ अनुसार,**

- होर्डिङ्ग बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय तहबाट अनुमति लिनुपर्ने,
- अनुमतिपत्रको लागि सम्बन्धित स्थानीय तहको कार्यालयमा निवेदन दिनुपर्ने,
- स्थानीय तहले प्रचलित कानून बमोजिम मनासिव देखेमा अनुमतिपत्र दिनुपर्ने,
- अनुमति दिँदाकै समयमा राजश्व संकलन गर्ने,
- अनुमतिको अवधि समाप्त भएपछि त्यस्तो होडिङ्ग बोर्ड हटाउनुपर्ने ब्यवस्था छ ।

**त्यसैले अनुमति प्राप्त गर्न:**

- स्थानीय तहमा निवेदन दिऊँ,
- अनुमतिपत्र प्राप्त नगरी होर्डिङ्ग बोर्ड नराखौं वा राख्न नदिऔं,
- अनुमति प्राप्त नगरी राखिएका होर्डिङ्ग बोर्ड तत्काल हटाऔं,
- अनुमति प्रदान गर्दा अनुमति शुल्क, बहाल वा बहालकर, विज्ञापन कर लिने गरौं

***बाह्य विज्ञापनलाई स्थानीय तह र प्रदेश सरकारको आम्दानीको स्रोत बनाऔं***

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

सम्पादकीय

# कानुनी कारबाहीलाई प्रभावकारी बनाऊ

कर्णाली प्रदेशमा निर्माणाधीन दर्जनौ पुलहरू अलपत्र पर्नु केवल विकासको ढिलाइ मात्र होइन । राज्यको कार्यशैलीमाथि गम्भीर प्रश्न उठाउने विषय बनेको छ । ठेकेदार कम्पनीको लापरवाही, सम्बन्धित निकायको कमजोर अनुगमन, र नीतिगत जटिलताले गर्दा नागरिकले आधारभूत पूर्वाधारबाट बञ्चित हुनु विडम्बनापूर्ण अवस्था हो । सडक सञ्जाल विस्तारसँगै पुल निर्माण अपरिहार्य हुन्छ, त्यो पनि विशेषगरी कर्णालीजस्तो भौगोलिक रूपमा विकट क्षेत्रमा । तर दशकौँदेखि पुल निर्माणका योजना कागजमै सीमित हुनु वा अधुरै छाडिनु राज्यको योजनागत कमजोरीको स्पष्ट संकेत हो । कर्णाली करिडोर, भेरी करिडोर, नाग्म–गमगढी सडक खण्ड लगायतका क्षेत्रमा पुल निर्माणको काम वर्षौँसम्म अघि नबढ्नुले विकासको गतिलाई अवरूद्ध मात्र गरेको छैन, जनजीवनसमेत जोखिमपूर्ण बनाएको छ । 'डिजाइन एन्ड बिल्ड' जस्तो प्रक्रिया अपनाउँदा डिजाइन स्वीकृतिमै वर्षौं बित्नु, निर्माण कम्पनीको तदारूकता अभाव र विभागीय ढिलासुस्तीले परियोजनाहरू अल्झिएका छन् । यसले सरकारी निकायबीचको समन्वय अभावलाई पनि उजागर गर्छ । योजना बनाउने र कार्यान्वयन गर्ने निकायबीच स्पष्ट जिम्मेवारी र समयसीमा निर्धारण नगर्दा यस्ता समस्या दोहोरिने गरेका छन् ।

कर्णाली प्रदेशका विभिन्न सडक खण्डमा निर्माणाधीन पुलहरू ठेकेदार र सम्बन्धित निकायका कर्मचारीको लापरवाहीका कारण पनि अलपत्र अवस्थामा पुगेका हुन् । यस्ता दर्जनौं पुलको काम लामो समयदेखि अघि बढ्न सकेको छैन । प्रदेशका १० वटै जिल्लामा सडक सञ्जालसँग जोडिएका सयौं पुल निर्माणको योजना भए पनि तीमध्ये धेरै पुल निर्माणाधीन अवस्थामै रोकिएका छन् । भने केहीको काम अझै सुरू समेत हुन सकेको छैन् । तर निर्माण सम्पन्न, निर्माणाधीन र अलपत्र पुलहरूको यकिन तथ्यांक भने सरकारी तथा गैरसरकारी निकायसँग उपलब्ध छैन । तथ्यांक अनुसार कर्णाली करिडोरअन्तर्गत कालीकोट, बाजुरा र हुम्ला खण्डका विभिन्न नदी तथा खोलामा निर्माण गरिने भनिएका नौ वटा पक्की पुलको काम अझै अगाडि बढ्न सकेको छैन । कर्णालीवासीहरूले पुल निर्माणमा भइरहेको ढिलाइले आवतजावतमा समस्या भएको गुनासो गर्दै आएका छन् । तर सम्बन्धित निकायले प्रभावकारी अनुगमन तथा जिम्मेवार पक्षमाथि कारबाही गर्न सकेको छैन । त्यसैले यस्ता आयोजनाहरू समयमै सम्पन्न हुने सम्भावना न्यून देखिएको छ । रूकुमपश्चिम र जाजरकोट जोड्ने भेरी नदीमाथिको पुल १३ वर्षसम्म अलपत्र रहनु झन् गम्भीर उदाहरण हो । राष्ट्रिय गौरवको आयोजना अन्तर्गत पर्ने सडक खण्ड नै जोडिन नसक्नुले विकासका नाराहरू कति खोक्रा छन् भन्ने देखाउँछ । ठेक्का सम्झौता गरेर पनि काम नगर्ने ठेकेदारमाथि कडा कारबाहीको अभाव र पुनः ठेक्का प्रक्रियामा हुने ढिलाइले समस्या झन् जटिल बनाएको छ ।

यस्ता परियोजनामा ढिलाइ हुनुको सिधा असर स्थानीय जनतामा पर्छ । आवतजावतमा कठिनाइ, आर्थिक गतिविधिमा अवरोध र आकस्मिक सेवामा पहुँचको अभाव जस्ता समस्या दिनानुदिन बढिरहेका छन् । पुल नहुँदा नदी तर्न जोखिम मोल्न बाध्य नागरिकको अवस्थाले विकासको वर्तमान मोडेलमाथि प्रश्न उठाउन पर्याप्त छ । अब समाधानतर्फ ध्यान दिन आवश्यक छ । पहिलो, ठेकेदार छनोटदेखि कार्यान्वयनसम्म पारदर्शी र कडाइका साथ अनुगमन गर्नुपर्छ । भने दोस्रो, 'डिजाइन एन्ड बिल्ड' प्रक्रियामा हुने ढिलाइ घटाउन स्पष्ट समयसीमा र जवाफदेहिता सुनिश्चित गर्नुपर्छ । तेस्रो, काम नगर्ने ठेकेदारमाथि कानुनी कारबाहीलाई प्रभावकारी बनाउँदै कालोसूचीमा राख्ने प्रक्रिया कडाइका साथ लागू गर्नुपर्छ । कर्णालीजस्तो क्षेत्रमा पुल निर्माण कार्य केवल पूर्वाधार विकास मात्रै होइन, जीवनरेखा हो । त्यसैले यस्ता आयोजनाहरू समयमै सम्पन्न गराउन राज्यले गम्भीरता देखाउनु अनिवार्य छ । अन्यथा, विकासका योजनाहरू कागजमै सीमित रहनेछन् र नागरिकले सास्ती भोगिरहने छन् । त्यसैले यस्ता आयोजना निर्माणमा ढिलाई नगर ।

# विकासको नाममा गरिबीको व्यापार



✍ मेरी डेशेन

यो लेख ०५३ सालमा अंग्रेजीमा लेखेकी हुँ । नेपाली इतिहास र समाजको अध्ययन भन्ने पत्रिकाको विकाससम्बन्धी विशेषाङ्कको चिनारीका रूपमा यो लेख लेखिएको हो । त्यस अङ्कमा परेका लेखहरू जलविद्युतको विकास, महिला विकास, आइएनजीओहरूद्वारा सामुदायिक विकासलाई अघि बढाउने काम, विदेशी सहयोगका असरहरू आदि कुरामा केन्द्रित थिए ।

प्रत्येक लेखले एक न एक प्रकारको बरबादीको कथा सुनाएको थियो, जहाँको पानी जफत गरेर बिजुली निकालिन्छ, त्यस भेगका जनताले बिजुली बाल्न पाउने कुरा त परै जाओस्, बरु उनीहरू झन्–झन् गरिब हुन्छन् । महिलासम्बन्धी समस्यालाई लिएर गरिने सोधखोजले खोजी गर्ने संस्थाको मात्र 'सशक्तीकरण' गर्छ र उनीहरूलाई नै धनी बनाउँछ । सामुदायिक विकासले समाजमा रहेका मुख्य असमानताहरूलाई हुँदै नछोइकन विष्ट–बराजुहरूको हैकमलाई झन् बलियो बनाउँछ ।

अनि करोडौं करोडको विदेशी सहयोगको खोलोले खाली अर्काको मुख ताक्ने बनाइदिएको छ र अभिजात वर्गलाई झन्–झन् धनी बनाइदिएको छ । बितेका पाँच वर्षमा यस प्रकारका बरबादीहरू अझै थपिएका छन् ।

मैले यस लेखमा 'विकासे' कार्यकलापहरूबाट किन यस्ता बरबादी पैदा भएका हुन् भन्ने कुरा देखाउन खोजेकी छु । यस्ता नतिजाहरू स्वाभाविक हुन् भन्ने मेरो तर्क छ ।

किन ? के नेपाल गरिब र पिछडिएको हुनाले विकासको नाममा त्यस्ता बरबादी भएका हुन् ? विकासेहरू कुरा यस्तै हो भनेर भन्छन्, तर वास्तविक कारण अर्कै छ । त्यो के हो भने अचेल चलनचल्तीमा ल्याइएको विकास एउटा त्यस्तो कारखाना हो, जसले आफ्नो फाइदाका लागि गरिबीको व्यापार गर्छ । यसले चुपचाप र शिथिल बनाउने नियतले उनीहरूका चित्तमा अलिकता आशा जन्माउन खोज्छ र, त्यो आशा झुटो पनि हुन्छ ।

यसले थिचोमिचो गर्ने व्यवस्थाभित्र सानातिना सुधार ल्याउन कोसिस गर्छ र आफूले राम्रो काम गरेको ठान्छ, तर यी सानातिना सुधारले थिचोमिचो गर्ने व्यवस्थालाई नै बलियो बनाउँछ । यसकारण आलोचकहरू यस्ता सुधारलाई 'सुधारवादी' काम भन्ने गर्छन् ।

अचेल चलनचल्तीमा रहेको विकास दुई अर्थमा पुँजीवादी व्यापार हो । पहिलो, यो त्यस्तो व्यापार हो, जसले गरिबीलाई बेचेर विकासे कारखानाका लागि नाफा कमाउँछ । दोस्रो, यतिखेर यो विश्व पुँजीवादी व्यवस्थालाई जोगाउने कारखाना हो । पुँजीवादले गरिबी र धन दुवै उत्पन्न गर्छ । यो पुँजीवादको एउटा गाँठी कुरो हो । किनभने धेरै मनिसहरूलाई निचोरेर थोरै मानिसका लागि सम्पत्ति थुपारेरमात्र यो चल्न सक्छ । यस व्यवस्थालाई टिकाउनका लागि पुँजीवादले कङ्गाल बनाएका धेरै मानिसहरूलाई विकल्प खोज्ने कामबाट वञ्चित गर्नु जरुरी हुन्छ ।

विकासे कारखानाले अनेक उपायबाट यो काम गर्छ । जस्तो कि यसले अर्थ व्यवस्थालाई जेनतेन भरथेग गरेर सत्तामा रहेको अभिजात वर्गलाई भ्रष्ट बनाइराख्न मद्दत गर्छ र तिनलाई 'कमिसन' खाएर भुँडी फुलाउन मौका दिन्छ । यसले मध्यम वर्गको घेरोलाई फराकिलो बनाउँछ, जुन मध्यम वर्गले आफ्नै देशवासीहरूको गरिबीबाट राम्रो खाइजीविकाको बन्दोबस्त मिलाउन सक्छ ।

साँच्चै नै 'गरिबी उन्मूलन' भयो भने उनीहरूको कामधन्दा खत्तम हुन्छ । त्यसकारण यथास्थितिलाई कायम राख्ने उनीहरूको तुच्छ स्वार्थलाई बलियो पार्ने काम गरिन्छ । गरिबहरूलाई व्यक्तिगत 'सशक्तीकरण' र आर्थिक उन्नतिका सपना बाँडिन्छ र उनीहरूलाई माथिबाट चुहुँदै आफूसम्म आइपुगेको थोरै सुविधा हात पार्नका लागि आपसमा लुछाचुँडी गर्नुपर्ने अवस्थामा राखिन्छ ।

यसरी विकासे कारखानाले कङ्गाल पारिएका र विभाजित गरिएका जनता भएको 'जनआधार'लाई कायम राख्न खोज्छ । पुँजीवादको अस्तित्व र उसको विस्तार यिनै कङ्गाल पारिएका र विभाजित गरिएका जनतामाथि टिकेको हुन्छ । सकस परेको समयमा जनताहरू आफ्ना काम जसरी तसरी धान्नेमात्र गर्छन् र, साँच्चै भन्ने हो भने आम जनताका निम्ति प्रायः सधैजसो सकस परेको समय नै हुन्छ ।

यस्तो स्थितिमा तिनले आफैं समाजमा ठुल्ठुला परिवर्तन गर्ने कुरा असम्भव जस्तै लाग्न सक्छ । यद्यपि वास्तविक परिवर्तन ल्याउने कोसिस नगर्ने हो भने साह्रै सकस परेको समयमात्रै रहनेछ । एकातिर आज नै कसरी बाँच्ने होला भन्ने पूरै ध्यान दिनुपर्ने स्थिति छ भने अर्कोतिर आजका मात्र समस्यालाई ध्यान दिने हो भने भोलि जस्ताको त्यस्तै हुनेछ र पर्सि पनि ।

वास्तविक परिवर्तन ल्याउने कोसिस नगर्ने हो भने साह्रै सकस परेको समयमात्रै रहनेछ । एकातिर आज नै कसरी बाँच्ने होला भन्ने पूरै ध्यान दिनुपर्ने स्थिति छ भने अर्कोतिर आजका मात्र समस्यालाई ध्यान दिने हो भने भोलि जस्ताको त्यस्तै हुनेछ र पर्सि पनि ।

यसरी माकुराको जालोमै परेको जस्तो स्थितिमा मरीमरी काम गरिरहने जनताका सामु किसिम किसिमका मन्त्र जप्नेहरू आइपुग्छन्– पण्डित, विष्ट–बराजु, राजनीतिक दलका भोट खोज्ने कार्यकर्ता, सरकारी कर्मचारीहरू । अनि आ–आफ्ना दर्शनअनुसार आ–आफ्ना किसिमका शब्दमा एउटै कुरा भन्छन्– हामीलाई मान, सब ठिकठाक हुन्छ ।

कस्तो लाग्छ भने ती मन्त्र जप्नेहरूका स्वार्थ र उद्देश्य के हुन्छन् भन्ने बुझ्न अधिकांश जनताले आफ्ना भारी एकछिनसम्म पनि बिसाउनु पर्दैन । हुनत कुनै दिन साँच्चिकै जनपक्षमा लागेका राजनीतिककर्मीहरू त्यहाँ पुग्नेछन् र तिनको व्यवहारले नै तिनीहरूको चिनारी समेत दिनेछ, तर केही समयअघि एउटा नौलो जीव उक्त मन्त्र जप्नेहरूको लाममा आइपुगेको छ, जो अहिलेचाहिँ देशव्यापी रूपले गाउँगाउँसम्म विस्तार भइसकेको छ । त्यो जीव हो, विकासकर्मी ।

विकासकर्मीहरूका स्वार्थ र उद्देश्यहरू कसरी नाप्न सकिएला त ? व्यक्तिहरूको कुरा गर्दा यत्रो ठुलो समूहमा कोही राम्रा त कोही बदमास हुनु स्वाभाविक छ, तर व्यक्तिगत आधारमा मात्र तिनीहरूको कामलाई जाँच्न सकिँदैन । कारण के हो भने अंग्रेजीमा एउटा उखान छ, 'नर्क जाने बाटो राम्रो मनसायले बनाइएको हुन्छ ।' भनाइ के भने पुग्ने त एकदमै नराम्रो ठाउँमा हो, तर जाने बाटो भने राम्रै विचार राखेर बनाइएको छ ।

व्यक्ति राम्रो भए पनि उसले पुऱ्याउने त भड्खालोमै हो । विकासकर्मीहरू असल वा खराब व्यक्ति भएर तपाईंको गाउँमा आइपुग्ने होइनन् । तिनमा जे जति राम्रो वा नराम्रो मनसाय भए पनि तिनका पछाडि संस्था छन् र ती संस्था र संस्थाको उद्देश्यका वरिपरि घुम्दन् ।

कस्तो लाग्छ भने नेपालको विकासे संसारमा सधैं नै आफ्नो किसिमको सकसपूर्ण अवस्था कायम रहने गरेको छ । गर्नुपर्ने कामहरूको लिखित सूची र प्रतिवेदनका रास दिनदिनै थपिन्छन् । जनताका आँगनमै तत्काल आउन लागेका सङ्कटहरू त्यसमा लेखिन्छन् । पूरा नभएका लक्ष्यहरूका चाङहरूले ती सबैलाई छोप्छ ।

नेपालको यस विकासे संसारलाई त्यसमा लागेर काम गरिरहेका विकासकर्मीहरू र त्यसभन्दा बाहिर रहेर त्यसलाई आलोचनात्मक रूपबाट हेरिरहेका वृद्धिजीवीहरूले फरक–फरक रूपले हेर्ने गरेका छन् । 'काम गर्ने तौरतरिका' वा सैद्धान्तिक कमजोरीहरू औंल्याउने आलोचकहरूलाई उनीहरूमा यथार्थवादी दृष्टिकोणको अभाव छ भनी आरोप लगाउन सकिन्छ ।

विकासकर्मीहरूका दृष्टिमा यस्ता आलोचकहरू व्यावहारिक नालीबेलीहरूको बयान गर्ने कामको भासमा जाकिएका अथवा सैद्धान्तिक चिन्तनको कुहिरोमा हराएका अव्यावहारिक मानिस लाग्न सक्छन् । यी दुवै स्थितिमा उनीहरू विकासकर्मीको दृष्टिमा सामाजिक रूपान्तरणका निमित्त 'स्पष्ट' मार्ग निर्देशन गर्नमा रुचि नराख्ने वा त्यसका लागि असमर्थ देखिन सक्छन् ।

विकासकर्मीका दृष्टिमा विकाससम्बन्धी आलोचनात्मक विश्लेषणहरू 'साह्रै राम्रोमा बेकम्मा र चुत्थोमा परजीवी' खालका लाग्छन्, जसले जरुरी आवश्यकता पूरा गर्ने मनशाय भएका कामहरूलाई अध्ययनका लागि प्रयोग त गर्छन्, तर त्यस्ता प्रयत्नहरूलाई सहयोग भने कति पनि पुयाउँदैनन् ।

नेपालको विकासे संसारमा सधैं नै आफ्नो किसिमको सकसपूर्ण अवस्था कायम रहने गरेको छ । गर्नुपर्ने कामहरूको लिखित सूची र प्रतिवेदनका रास दिनदिनै थपिन्छन् । जनताका आँगनमै तत्काल आउन लागेका सङ्कटहरू त्यसमा लेखिन्छन् । पूरा नभएका लक्ष्यहरूका चाङहरूले ती सबैलाई छोप्छ ।

अर्कोतिर आलोचकहरूका दृष्टिमा विकासकर्मीहरू चाहिँ हाटहुटे तरिकाले सतही सर्वेक्षण गर्ने भाडाका टट्टुजस्ता देखिन सक्छन्, जुन सर्वेक्षणहरूका आधारमा प्रमुख सामाजिक हस्तक्षेपहरू गर्ने लक्ष्य राखिएको हुन्छ । यस प्रकारका अनुसन्धान र यिनको नतिजास्वरूप बन्ने सामाजिक कार्यक्रमहरू तिनले लेखाजोखा र परिवर्तन गर्न खोजेको यथार्थबारे एकदमै ज्ञान नभएजस्ता देखिन सक्छन् ।

आलोचकहरूका दृष्टिमा विकाससम्बन्धी अध्ययन र आयोजनाहरू साह्रै राम्रोमा अगतिलो किसिमले ढाँचा निर्माण गरिएका चुत्थोमा अनैतिक खालका लाग्न सक्छन्, जसले गरिबी र आवश्यकताहरूलाई घटाउनुको सट्टा तिनका जरामा मलजल हाल्ने काम नै गर्ने गर्छन् ।

विकास वास्तवमा जनजीवनको उत्थानका लागि हुने हो भने विकासे संस्कृति स्वयंले निरन्तर रूपबाट आत्मविकासको दिशामा अघि बढ्नु पर्छ । यही विचार लिएर विकासे कारखानाका यी भित्री र बाहिरी पक्षबिचको अनुत्पादक स्थितिबाट निस्केर अगाडि बढ्नु पर्छ भन्ने मनशायले नै मैले यो लेख लेख्ने प्रयास गर्न खोजेकी हुँ ।

जटिल सामाजिक संरचनाहरूलाई न त पूर्ण रूपमा भित्रबाट न त पूर्ण रूपमा बाहिरबाट नै बुझ्न सकिन्छ । हामी यी दुईको भिन्नभिन्न दृष्टिकोण बुझ्ने मानसिक प्रयासबाट नै बढी जानकारी हासिल गर्न सक्छौं । यस प्रकारको प्रयास केवल बौद्धिक कसरत मात्र चाहिँ होइन ।

मानिसहरू विकासको फल कहिले पाक्ला र खाउँला भनेर बाटो हेर्दै दिनदिनै मर्ने गर्छन्, अनि प्रायःजसो विकासको फल आइपुगेपछि त्यस फलको बालीकै सिकार हुने गर्छन् । विकासवालहरूले आफैं यी हताशाजनक स्थितिहरूको पहिलो प्रकरण औंल्याउनको निमित्त तथ्याङ्कहरूको चाङ उपलब्ध गराउँछन् । अनि थप विकासे कार्यकलापहरू आवश्यक भएको कुरा औंल्याउछन् । दोस्रो प्रकरणबारे चाहिँ उनीहरू चुपचाप रहन्छन् । अनुसन्धान कार्यमा संलग्न रहेको बखतमा नन्द श्रेष्ठका अगाडि औंलो ठड्याउँदै तराईका एकजना किसानले 'म विकासको सिकार भएँ हजुर, मलाई मद्दत गर्नोस्' भनेजस्ता कुराबारे चाहिँ हामी कमै सुन्न पाउँछौं ।

सबैभन्दा सैद्धान्तिक ग्रन्थदेखि लिएर मूल्याङ्कन प्रतिवेदनका व्यावहारिक भाषासम्मका विकासे वार्ताहरू विकासको प्राप्तकर्ता वा लक्षित मानिसका असल खराब वा उदासीनतापूर्ण अनुभवहरूप्रति विकासे बुद्धिजीवी र विकासकर्मीहरू दुवैथरीले सजिलै आँखा चिम्लिने गरेका छन् ।

विकासका उपभोक्ताहरू मूलतः न त उनीहरू आफैंद्वारा छनोट गरिएका हुन्छन्, न त उनीहरूका सामु आइलाग्ने विकास आयोजनाहरू र कार्यक्रमहरूबारे प्रायः उनीहरूले केही बोल्ने मौका नै पाउँछन् । अनि त्यस्ता आयोजना र कार्यक्रमहरूको जे जसरी बयान गरिएको हुन्छ, त्यसमा उनीहरूको रायले एकरत्ति पनि ठाउँ पाउँदैन । विकासे संसारको यस स्थितिमा निकट भविष्यमा परिवर्तन आउने सम्भावना देखिँदैन ।

त्यसैले विकासको नाममा र 'जनता' को नाममा जे जे भन्ने र गर्ने गरिएको छ, त्यसको मिहिन पाराले जाँच गर्नु जरुरी छ । जुन स्रोतहरू मार्फत् विकासे रकम प्रवाहित हुन्छ र जसका शब्दहरूद्वारा विकास के हो भन्ने परिभाषित हुने गर्छ, उनीहरूको मूलभूत दायित्व आफ्ना विश्वास र व्यवहारहरूको निरन्तर रूपबाट जाँच हुनुपर्ने थियो, जुन हुँदैन ।

अनि सामाजिक यथार्थहरूलाई प्रस्तुत गर्नु, सामाजिक परिवर्तनका उपायहरूको तर्जुमा गर्नु विकासको नाममा के गरिँदैछ भन्ने कुराको निरन्तर रूपबाट जाँच गर्नु । त्यहाँभित्र भइरहेका खराब कुराहरू र स्रोतहरूको दुरुपयोगको लेखाजोखा गर्नु र वैज्ञानिकताको छाप ठोकेर यी दुवै आलोचकहरूको मूलभूत जिम्मेवारी हुनुपर्ने हो, यो पनि भइरहेको छैन ।

# सुकुमबासी कसका भोट बैंक थिए ?



✍ डा. विजयकुमार पौडेल

*रोजगारीको व्यवस्था नहुने हो भने भूमिहीनलाई आवासका लागि जग्गा दिएर वा बस्ने फ्ल्याट दिएर मात्रै त्यसबाट समस्या समाधान हुँदै हुन्न । तत्काल कृषि क्षेत्रको संरक्षण नगर्ने हो भने मानिसहरू आफ्नै जमिनमा 'सुकुमबासी' हुने छन्, भइरहेका छन् ।*

आज काठमाडौंका अधिकांश ठाउँबाट सुकुमबासीहरू उठीबासमा परे । यस घटनाबाट समाजका ठालुहरू धेरै खुसी भएका छन् । विगतमा कम्युनिस्ट र कांग्रेस पार्टीमा रहेका र तिनीहरूको अयोग्यताका कारण बिरक्तिएकाहरू पनि सुकुमबासीहरूको उठीबासबाट खुसी देखिएका छन्। यी दुईथरी मानिसका खुसी हुने कारणहरू भने बेग्लाबेग्लै छन्। ती फरक खुसीको छुट्टै विश्लेषण आवश्यक देखिन्छ ।

समाजको ठालु वर्ग खुसी हुनुको पछाडि तर्क रहेछ- 'सुकुमबासीहरू कम्युनिस्ट पार्टीका भोट बैंक थिए, यिनको उठीबासले अब कम्युनिस्ट पार्टीको भोट बैंक सकियो । अब नेपालका कम्युनिस्टहरूको राजनीति पनि सकियो ।'

नेपाली समाजका ठालुहरूसँग छलफल गर्नु पर्ने केही प्रश्नहरू छन्- के सुकुमबासीहरू सदैव कम्युनिस्ट पार्टीका भोट बैंक थिए ? सुकुम्बासीहरू जन्माउने कारखाना के हो ? सुकुमबासी समस्याको स्थायी समाधान कसरी हुन सक्छ ?

अब पहिलो प्रश्नमा जाऊँ- के सुकुमबासीहरू सदैव कम्युनिस्ट पार्टीका भोट बैंक थिए ? बिलकुलै थिएनन्। पञ्चायती शासनकालमा अधिकांश सुकुमबासी बस्तीहरू दीपक बोहरा, निरञ्जन थापा, हेमबहादुर मल्ल र कमल थापाजस्ताका भोट बैंक थिए । दीपक बोहरा र हेमबहादुर मल्ल मरेर गइसक्नु भयो । अहिले आएर वहाँहरूलाई पञ्चायती व्यवस्थाका गुन्डा भन्दा सम्बन्धित परिवारजनमा नराम्रो लाग्ला । कमल थापाजी र निरञ्जन थापाजी व्यक्तिगतरुपमा मृदुभाषी हुनुहुन्छ । वहाँहरूलाई पनि अहिले आएर पञ्चायती गुन्डा भन्दा मन दुख्ला नै । तर हामी रुपन्देही, मकवानपुर र धनुषाका वासिन्दाले निजहरुबाट के-कस्तो हुर्मत बेहोरेका थियौं भन्ने कुरा बयान गरी साध्य छैन । यो पङ्क्तिकार र बुटवलका बलबहादुर आचार्य बुटवल क्याम्पसमा बिना कारण मण्डले गुन्डाहरूबाट मरणासन्न हुनेगरी कुटिएका थियौं । ती गुन्डा महानुभावहरूले हामीलाई कुट्दै गर्दा भन्थे- "हामीहरू दीपक बोहरा र निरञ्जन दाइका मान्छे हौं बुझिस् !"

यो पङ्क्तिकार र बुटवलका बलबहादुर आचार्य बुटवल क्याम्पसमा बिना कारण मण्डले गुन्डाहरूबाट मरणासन्न हुनेगरी कुटिएका थियौं । ती गुन्डा महानुभावहरूले हामीलाई कुट्दै गर्दा भन्थे- "हामीहरू दीपक बोहरा र निरञ्जन दाइका मान्छे हौं बुझिस् !"

दीपक-निरञ्जनको टोलीले परिचालित गरेका गुन्डाहरूको अगुवाइमा सुकुमबासीहरूको ठुलो समूहले रुपन्देहीको सूर्यपुरामा भइरहेको नेपाली कांग्रेसको बैठकमा आक्रमण गरेको थियो । रुपन्देहीका सुकुमबासीहरूको भोटले नै दीपक र निरञ्जनहरू चुनाव जित्थे, बुथ कब्जा गर्थे । सुकुमबासीहरूका बिचमा कम्युनिस्ट र कांग्रेस पार्टीका पनि संगठन थिए तर ती संगठन बेलाबेलामा दीपक, निरञ्जन, कमल थापा इत्यादिबाटै परिचालित हुन्थे । उही हालत मकवानपुर र धनुषामा थियो । भूमिगत पार्टीका बैठकहरूमा आफैंले बनाएका सुकुमबासी नेताहरूको दोहोरो चरित्रका बारेमा तिक्ततापूर्ण बहसहरू हुन्थे ।

वि.सं.२०३७ साल वैशाख २० गते सम्पन्न जनमत सङ्ग्रहमा पञ्चायत पक्षलाई जिताउनका लागि व्यापक बन फडानी गरी रातारात बस्ती बसालियो र सबै सुकुमबासीहरूका घरमा पहेँलो झन्डा गाडियो । कतै थोरै जमिन भएका कारणले बाँच्न धौधौ भएकाहरू वा जमिन नभएका पूर्णरुपमा भूमिहिनहरु पञ्चायती प्रशासनले खुला छुट दिएका कारणले जङ्गल फडानी गरी बसे ।

वि.सं. २०४२ साल फागुन २० गतेको कुरा हो, रुपन्देहीको खैरेनी बजारबाट अलिकति दक्षिणमा सुरजपुरा भन्ने बस्ती छ । त्यहाँ नेपाली कांग्रेसका नेता पुष्पानन्द गिरीजीको घर थियो । त्यही घरमा नेपाली कांग्रेसका नेताहरू गिरिजाप्रसाद कोइराला, शेरबहादुर देउवा लगायतका नेताहरूको उपस्थितिमा बैठक भइरहेको थियो ।

त्यस बैठकमा भाग लिने तत्कालिन विद्यार्थी नेता चन्द्र भण्डारी पनि हुनुहुन्थ्यो । बैठक चल्दाचल्दै दीपक बोहराहरूबाट परिचालित सुकुमबासी बस्तीका युवाहरूले चारैतिरबाट घेरा हाले । बन्चरो प्रहारबाट यादवनाथ आलोक र रामप्रसाद चौधरी गम्भीर घाइते हुनुभयो । बैठक भइरहेको घरमा आगो लगाइयो ।

घरधनीसँग लाइसेन्सवाला बन्दुक थियो । गिरिजा कोइरालाले 'अब बाँच्नु त पऱ्यो, ए साथी हो यी गुन्डाहरूलाई गोली ठोक्नुस् !' भन्दै जोडले चिच्याएपछि आक्रमणकारीहरू अलि पर भागे । त्यसपछि कांग्रेसी नेताहरूले भाग्ने मौका पाए नत्र ज्युँदै जलाउने प्रपञ्च गरिएको थियो । चन्द्र भण्डारीले यो लेख लेख्दै गर्दा स्मरण गराउनु भए अनुसार शेरबहादुर देउवाको ओठ खुकुरी प्रहारबाट काटियो । २२ गते लुम्बिनी अञ्चल अस्पतालमा यादवनाथ आलोकको मृत्यु भयो । घाइते रामप्रसाद चौधरी उपचारपछि घर फर्किनु भएको थियो, वहाँलाई गुन्डाहरूले गोली हानेर मारे ।

त्यस घटनाको विरोधमा त्यतिखेरका हामी विद्यार्थीहरुले जुलुस निकालेर प्रतिवाद गरेका थियौं । के सुरजपुरा काण्डमा रुपन्देहीका सबै सोझा सिधा सुकुमबासी आएका थिए ? के त्यहाँ आक्रमण गर्नेहरू सबै पेशेवर अपराधी थिए ? थिएनन् । उनीहरूलाई ' कांग्रेस र कम्युनिस्टहरूले तिमीहरूलाई लालपुर्जा दिन दिँदैनन् । यिनीहरूलाई लखेट्ने हो भने तुरुन्तै लालपुर्जा पाइन्छ' भनेर भड्काएर लगिएको थियो । आक्रमण गर्ने अग्रपङ्क्तिमा पञ्चायती सरकारले पालेका मण्डले गुन्डा हुन्थे, पछाडि हुल देखाउन सुकुमबासी बस्तीका युवाहरू परिचालित गरिन्थे । पार्टीहरू भूमिगत थिए । खुला गतिविधि गर्ने विद्यार्थीहरूलाई कुटाउन सुकुमबासीहरू परिचालित गरिन्थे ।

वि.सं. २०४६ पछि माओवादी विद्रोह नहुन्जेल सुकुमबासी बस्तीहरू अवश्य पनि नेकपा (एमाले)का भोट बैंक बने । माओवादी विद्रोहपछि अधिकांश सुकुमबासी बस्तीका युवाहरू त्यतै लागे । २०८२ सालमा सम्पन्न संसदीय चुनावमा अधिकांश सुकुमबासीहरू रास्वपाका भोट बैंक बने, जुन कुरा २०८३ साल वैशाख १२ गते काठमाडौंमा उठीबासमा परेकाहरूले रुँदै रुँदै बताए । सुकुमबासी बस्तीमा डोजर चल्नु अघि घरघरमा घण्टी छाप झन्डा झुण्ड्याइएकै थिए । अहिले सुकुमबासी बस्ती बिना योजना उजाडेर वा अलि पहिलेदेखि नै आप्रवासी श्रमिकहरूका ठेला खोसेर सहर छोड्न बाध्य पार्नेहरूले कम्युनिस्ट पार्टीको भोट बैंक लखेटेका होइनन्, गत चुनावमा आफूलाई अत्यधिक मत दिने आफ्नै भोट बैंकलाई लखेटेका हुन्।

आज रुँदै रुँदै आफ्नो वासस्थान चुपचाप छाड्नेहरूका तस्बिर साझा गर्दै रमाउने ठालुहरूको आशय प्रस्ट छ- देश गरिबहरूको होइन, यिनलाई लखेटेर मात्रै सहर सुन्दर बनाउन सकिन्छ । ठालु सत्ताको चाल नबुझेर खुसी मनाउने केही अरू मानिसहरू छन् जो विगतका आफ्नै पार्टीका नालायकीबाट सिर्जित कुण्ठा र हतासाका कारण गरिबहरूको उठीबासमा खुसी व्यक्त गरिरहेका छन् ।

किन सुकुमबासी बन्न बाध्य बनेकाहरू कहिले कसको त कहिले कसको भोट बैंक बन्ने गरेका छन्? यसको एउटै उत्तर हो- कसो गर्दा बाँच्न पाइन्छ, कसलाई पत्याउँदा बासको ठेगान हुन्छ भन्ने खोजी र विश्वासमा सुकुमबासीहरू विभिन्न सत्ताका गोटी बन्ने गरेका छन् ।

# क्षतिग्रस्त संरचना पुनर्निर्माणमा ढिलाइ




❒ **काँक्रेविहार संवाददाता**
सुर्खेत, १३ वैशाख

जेनजी आन्दोलनका क्रममा क्षति पुगेका कर्णाली प्रदेश अन्तर्गतका सरकारी संरचनाको पुनर्निर्माण अझै सुरु हुन सकेको छैन ।

आन्दोलन भएको सात महिना बितिसक्दा पनि सम्बन्धित निकायले मर्मतसम्भार तथा पुनर्निर्माण कार्य अघि बढाउन नसक्दा सरकारी कामप्रति प्रश्न उठ्न थालेको छ ।

पूर्वाधार विकास निर्देशनालय, सुर्खेतका अनुसार हालसम्म चार वटा प्रमुख सरकारी संरचनाको पुनर्निर्माणका लागि लागत अनुमान तयार गरिएको छ ।

संरचनामा मुख्यमन्त्री निवास, सोही परिसरमा रहेको सुरक्षाकर्मीको निवास, कृषिमन्त्रीको निवास तथा प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय रहेका छन् ।

यी संरचनाको मर्मत तथा पुनर्निर्माणका लागि करिब एक करोड ५० लाख रुपैयाँ आवश्यक पर्ने अनुमान गरिएको छ ।

निर्देशनालयका निमित्त निर्देशक सूर्यबहादुर शाहीले पुनर्निर्माणका लागि आवश्यक बजेट व्यवस्थापन गर्न अर्थ मन्त्रालयसँग औपचारिक रूपमा पत्राचार गरिसकेको जानकारी दिए ।

उनका अनुसार बजेट सुनिश्चित भएपछि मात्रै पुनर्निर्माण कार्यलाई औपचारिक रूपमा सुरु गरिनेछ । हालसम्म प्रक्रिया प्रारम्भिक चरणमै सीमित रहेको छ ।

यसैबीच, प्रदेश सभाको बैठक सञ्चालनका लागि आवश्यक सभा हल निर्माण भने सम्पन्न भइसकेको निर्देशनालयले जनाएको छ ।

तर अन्य संरचनाको पुनर्निर्माण तथा मर्मतसम्भारका विषयमा अझै स्पष्ट निर्णय हुन सकेको छैन । यसले समग्र पुनर्निर्माण प्रक्रिया सुस्त रहेको देखाउँछ ।

जिल्ला प्रशासन कार्यालय सुर्खेतका तथ्यांक अनुसार जेनजी आन्दोलनका क्रममा करिब २१ करोड १० लाख ५६ हजार रुपैयाँ बराबरको सरकारी सम्पत्तिमा क्षति पुगेको थियो ।

आन्दोलनले सबैभन्दा बढी प्रभाव वीरेन्द्रनगर नगरपालिकामा पारेको थियो । नगरपालिकामा मात्रै १० करोड ९० लाख ८७ हजार आठ सय रुपैयाँ बराबरको भौतिक संरचनामा क्षति पुगेको उल्लेख गरिएको छ ।

आन्दोलनका क्रममा नगरपालिकाको मुख्य कार्यालयसँगै एक देखि १२ वटासम्मका वडा कार्यालयमा आगजनी तथा तोडफोड भएको थियो, जसका कारण सेवा प्रवाहसमेत प्रभावित भएको थियो ।

घटनापछि तत्काल पुनर्निर्माणको अपेक्षा गरिए पनि सात महिना बितिसक्दा पनि ठोस प्रगति हुन नसक्नुले प्रदेश सरकारको कार्यक्षमतामाथि प्रश्न उठाएको छ ।

आन्दोलनपछि विभिन्न क्षेत्रमा सुस्त बनेको प्रदेश सरकारले आफ्नै संरचनाको पुनर्निर्माणमा समेत अपेक्षित ध्यान दिन नसकेको देखिन्छ ।

स्थानीयवासी तथा सरोकारवाला निकायले यथाशीघ्र बजेट व्यवस्थापन गरी पुनर्निर्माण कार्य अघि बढाउनुपर्ने माग गरिरहेका छन् । अन्यथा, क्षतिग्रस्त संरचनाका कारण सेवा प्रवाहमा निरन्तर समस्या आउने उनीहरूको भनाइ छ ।

# सुर्खेत-दैलेख प्रसारण लाइन निर्माण तीव्र

❒ **काँक्रेविहार संवाददाता**
दैलेख, १३ वैशाख



बाँकेको कोहलपुरदेखि सुर्खेत हुँदै दैलेखको चुप्रासम्म विस्तार हुने एक सय ३२ केभी प्रसारण लाइन आयोजनाको काम तीव्र गतिमा अघि बढाइएको छ ।

आयोजना अन्तर्गत दैलेखका विभिन्न क्षेत्रमा टावर निर्माण कार्य धमाधम भइरहेको छ । आयोजनाका अनुसार सुर्खेतको सुब्बाकुनादेखि दैलेखको चुप्रासम्म कुल एक सय एक वटा टावर निर्माण गरिनेछ । तीमध्ये हालसम्म २५ वटा टावर पूर्ण रूपमा निर्माण सम्पन्न भइसकेका छन् भने ७० वटा टावरको फाउन्डेसन निर्माण कार्य भइरहेको छ ।

बाँकी संरचनाको काम पनि चरणबद्ध रूपमा अघि बढाइएको कोहलपुर-सुर्खेत-दैलेख एक सय ३२ केभी प्रसारण लाइन आयोजनाका प्रशासन प्रमुख युवराज विष्टले जानकारी दिए ।

उनका अनुसार दैलेख क्षेत्रमा रूख कटानसम्बन्धी निर्णय नेपाल सरकार मन्त्रिपरिषद्बाट चाँडै भए बाँकी निर्माण कार्य समयमै सम्पन्न गर्न सहज हुने अपेक्षा गरिएको छ ।

स्थानीय स्तरमा देखिएका केही विवाद समाधान हुँदै गएपछि सुर्खेत क्षेत्रमा जग्गा प्राप्तिको काम पनि अघि बढाइएको छ ।

सुर्खेत-दैलेख खण्डमा करिब ५० प्रतिशत काम सम्पन्न भइसकेको आयोजनाले जनाएको छ । आयोजनाका लागि दैलेखमा एक सय एक  वटा टावर निर्माण गर्न ४६ जना स्थानीयको करिब छ हजार नौ सय दुई वर्गमिटर जग्गा अधिग्रहण गरिएको छ ।

यससँगै जग्गा प्राप्तिको प्रक्रिया सम्पन्न भइसकेको छ । कर्णालीका विभिन्न जिल्लामा हिउँदमा लो भोल्टेज र बर्खायाममा हावाहुरी तथा वर्षाका कारण विद्युत् संरचनामा क्षति पुग्दा उपभोक्ताले नियमित र गुणस्तरीय विद्युत् सेवा पाउन सकेका छैनन् ।

यी समस्या समाधानका लागि नेपाल विद्युत् प्राधिकरणले यो प्रसारण लाइनलाई प्राथमिकताका साथ अघि बढाएको हो ।

पुराना तथा जीर्ण पोल र प्राकृतिक विपत्का कारण हुने क्षतिले वितरण प्रणाली अव्यवस्थित भइरहेका बेला एक सय ३२ केभी प्रसारण लाइन सञ्चालनमा आएपछि कर्णालीवासीले भरपर्दो र गुणस्तरीय विद्युत् सेवा पाउने अपेक्षा गरिएको छ ।

करिब ८५ करोड रुपैयाँ लागतमा निर्माण भइरहेको यो आयोजनाअन्तर्गत सुर्खेतदेखि दैलेख सम्म ३२ किलोमिटर लामो प्रसारण लाइन निर्माणसँगै दैलेखको चुप्रामा सबस्टेसन निर्माण कार्य पनि अन्तिम चरणमा पुगेको छ ।

आयोजनाअनुसार सुर्खेत-दैलेख खण्डमा पर्ने एक सय एक टावरमध्ये ५६ वटा दैलेख जिल्लामा र ४५ वटा सुर्खेतमा निर्माण हुनेछन् । आयोजना सम्पन्न भएपछि कर्णालीको विद्युत् आपूर्ति प्रणाली थप सुदृढ हुने अपेक्षा गरिएको छ ।

# अन्तिम भुक्तानीका लागि २६ योजना सिफारिस

❒ **काँक्रेविहार संवाददाता**
हुम्ला, १३ वैशाख




सामाजिक विकास कार्यालय हुम्लाले जिल्लाका विभिन्न गाउँपालिकामा सञ्चालन भएका विकास निर्माणका योजनामध्ये २६ वटा योजना अन्तिम भुक्तानीका लागि सिफारिस गरेको छ ।  निर्माण कार्य सम्पन्न भई गुणस्तर तथा लागत स्टिमेटअनुसार काम भएको पुष्टि भएपछि भुक्तानी प्रक्रिया अगाडि बढाइएको हो ।

कार्यालयका अनुसार ताँजाकोट, चंखेली, सर्केगार्ड, खार्पुनाथ र सिमकोट गाउँपालिकामा सञ्चालन भएका योजनाको स्थलगत अनुगमन तथा मूल्याङ्कन गरिएको थियो ।

सो क्रममा कामको गुणस्तर सन्तोषजनक पाइएको र निर्धारित मापदण्ड अनुसार निर्माण सम्पन्न भएको निष्कर्ष निकाल्दै ती योजनालाई अन्तिम भुक्तानीका लागि सिफारिस गरिएको हो ।

कार्यालय प्रमुख ईश्वरबहादुर सिंहले यसपटक भुक्तानी प्रक्रिया थप पारदर्शी र प्रभावकारी बनाउन नयाँ अभ्यास अपनाइएको जानकारी दिए ।

उनका अनुसार यस अघि प्राविधिक मूल्याङ्कनका आधारमा मात्रै अन्तिम भुक्तानी दिने गरिएकोमा अहिले भने कार्यालय प्रमुख, लेखा प्रमुख र प्राविधिक प्रमुख सम्मिलित टोलीद्वारा संयुक्त रूपमा स्थलगत अनुगमन गरी मूल्याङ्कन गरिएको छ ।

यसले कामको गुणस्तर सुनिश्चित गर्नुका साथै आर्थिक अनुशासनलाई पनि मजबुत बनाउने अपेक्षा गरिएको छ ।

गाउँपालिकागत रूपमा हेर्दा ताँजाकोट गाउँपालिकामा छ वटा, चंखेली गाउँपालिकामा चार वटा, सर्केगार्ड गाउँपालिकामा सात वटा, खार्पुनाथ गाउँपालिकामा तिन वटा र सिमकोट गाउँपालिकामा एक वटा योजना अन्तिम भुक्तानीका लागि योग्य ठहरिएका छन् ।

ती योजनामा विद्यालय घेरबार निर्माण, खेल मैदान निर्माण, ग्याबिन पर्खाल निर्माण तथा विद्यालय भवन निर्माण जस्ता पूर्वाधारसम्बन्धी कामहरू समावेश छन् ।

यी योजनाले स्थानीय स्तरमा शिक्षा, खेलकुद र आधारभूत पूर्वाधार विकासमा टेवा पुऱ्याउने अपेक्षा गरिएको छ ।

संयुक्त अनुगमन तथा मूल्याङ्कन सम्पन्न भइसकेपछि सामाजिक विकास कार्यालयले सम्बन्धित उपभोक्ता समितिहरूलाई आवश्यक कागजातसहित कार्यालयमा उपस्थित भई भुक्तानी प्रक्रिया अगाडि बढाउन आग्रह गरेको छ ।

कार्यालयले हालसम्म करिब ३३ प्रतिशत वित्तीय प्रगति हासिल गरिसकेको जनाएको छ । चालु आर्थिक वर्षभित्र थप प्रगति गर्ने लक्ष्यसहित वैशाख महिनाभित्र ५५ देखि ६० प्रतिशत भौतिक प्रगति हासिल गर्ने लक्ष्य राखिएको छ ।

यस आर्थिक वर्षमा सामाजिक विकास कार्यालय हुम्लाले कुल ७६ वटा योजना कार्यान्वयन गरिरहेको छ । तीमध्ये ४८ वटा योजना उपभोक्ता समितिमार्फत सञ्चालन भइरहेका छन् भने १९ वटा योजना टेन्डर प्रक्रियामार्फत र आठ वटा योजना विपत्सम्बन्धी रहेका छन् ।

कार्यालयले निर्धारित समयसीमाभित्र योजना सम्पन्न गरी प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्ने लक्ष्य लिएको जनाएको छ ।

# इन्धन मूल्यवृद्धिले निर्माण क्षेत्र संकटमा




❒ **काँक्रेविहार संवाददाता**
रूकुमपश्चिम, १३ वैशाख

रुकुमपश्चिमका निर्माण व्यवसायीहरूले पेट्रोलियम पदार्थको निरन्तर मूल्यवृद्धि नियन्त्रण नगरे विकासनिर्माणका काम ठप्प हुने चेतावनी दिएका छन् ।

प्रमुख जिल्ला अधिकारी दिनेश प्रसाद थानी मार्फत प्रधानमन्त्री समक्ष ज्ञापनपत्र पेस गर्दै व्यवसायीहरूले इन्धनको बढ्दो मूल्यले निर्माण लागत असह्य रूपमा बढाएको गुनासो गरेका छन् ।

उनीहरूका अनुसार डिजेल, पेट्रोल र मटितेलमा भइरहेको अप्रत्याशित मूल्यवृद्धिले निर्माण क्षेत्र गम्भीर संकटतर्फ धकेलिएको छ ।

निर्माण व्यवसायी सङ्घका जिल्ला अध्यक्ष परवीर डाँगीले भौतिक पूर्वाधार विकासको आधार मानिने निर्माण उद्योग अहिले जर्जर अवस्थामा पुगेको बताए ।

उनले मूल्यवृद्धि रोक्न र निर्माण क्षेत्रलाई जोगाउन सरकारसँग तत्काल हस्तक्षेपको माग गरिएको जानकारी दिए ।

व्यवसायीहरूले राष्ट्रिय गौरवका आयोजनादेखि स्थानीय स्तर सम्मका विकास निर्माण कार्य प्रभावित भइरहेको उल्लेख गर्दै निर्माण उद्योगमा आपत्काल घोषणा गरी विशेष राहत प्याकेज ल्याउन माग गरेका छन् ।

साथै, मूल्य समायोजन मार्गदर्शन-२ तुरुन्त जारी गर्न पनि जोड दिएका छन् । ज्ञापनपत्रमा स्थानीय नदीजन्य निर्माण सामग्री तथा क्रसर उद्योगमा प्रदेशस्तरबाट भइरहेको नियमनका कारण झन् जटिलता थपिएको उल्लेख गरिएको छ ।

यस्तो व्यवस्थाले निर्माण सामग्री उत्खनन र सङ्कलनमा अवरोध सिर्जना गरेको व्यवसायीहरूको भनाइ छ । यसैबीच, व्यवसायीहरूले पेट्रोलियम पदार्थको मूल्य आकासिएको भन्दै जिल्ला दररेट पुनरावलोकन गर्न पनि माग गरेका छन् ।

अर्को ज्ञापन पत्र मार्फत उनीहरूले मध्यपूर्वमा जारी द्वन्द्वका कारण डिजेल, पेट्रोल, बिटुमिन लगायत निर्माण सामग्रीमा भएको मूल्यवृद्धिले विकास निर्माण कार्यमा प्रत्यक्ष असर परेको बताएका छन् ।

निर्माण क्षेत्रसँग सम्बन्धित हजारौँ श्रमिक तथा व्यवसायीको भविष्य संकटमा पर्ने भन्दै व्यवसायीहरूले सरकारसँग तत्काल ठोस कदम चाल्न आग्रह गरेका छन् ।

# शिक्षक व्यवस्थापन नहुदाँ गुणस्तरमा चुनौती

❒ **काँक्रेविहार संवाददाता**
सल्यान, १३ वैशाख



सल्यानका सामुदायिक विद्यालयमा शिक्षक र विद्यार्थीको अनुपात असन्तुलित हुँदा शैक्षिक सिकाइमा प्रत्यक्ष असर परेको देखिएको छ ।

विद्यार्थी सर्‍या निरन्तर घट्दै जाँदा विद्यालय संरचनालाई पुनः व्यवस्थित गर्नुपर्ने अवस्था सिर्जना भएको छ ।

शिक्षा विकास तथा समन्वय एकाइ सल्यानका अनुसार शैक्षिक सत्र २०८२ मा जिल्लाभर रहेका चार सय ३२ सामुदायिक विद्यालयमध्ये एक सय ७६ विद्यालयमा ५० भन्दा कम विद्यार्थी रहेका छन् भने दुई सय ६६ विद्यालयमा एक सयभन्दा कम विद्यार्थी अध्ययनरत छन् । स्थानीय तहगत विवरण हेर्दा बागचौर नगरपालिकाका ६८ विद्यालयमध्ये ३० वटामा ५० भन्दा कम र ३९ विद्यालयमा सयभन्दा कम विद्यार्थी छन् । वनगाढ कुपिन्डे नगरपालिकाका ६५ विद्यालयमध्ये २४ वटामा ५० भन्दा कम र ३९ विद्यालयमा सयभन्दा कम विद्यार्थी रहेका छन् । शारदा नगरपालिकाका ५६ विद्यालयमध्ये २७ वटामा ५० भन्दा कम र ४० विद्यालयमा सयभन्दा कम विद्यार्थी अध्ययनरत छन् । जिल्लामा कक्षा एक  देखि १२ सम्म कुल २८ हजार छ सय छ  विद्यार्थी अध्ययनरत छन् । तीमध्ये कक्षा एक र पाँच मा नौ हजार पाँच ५८, कक्षा छ र आठमा नौ हजार पाँच सय २० र कक्षा नौ १२ मा नौ हजार पाँच सय २८ विद्यार्थी रहेका छन् । शिक्षक दरबन्दीको अवस्थाअनुसार प्राथमिक तहमा पाँच सय ८० दरबन्दी र तिन सय ५६ राहत, निम्न माध्यमिक तहमा एक सय तिन दरबन्दी र एक सय राहत, माध्यमिक तहमा ९९ दरबन्दी र ६३ राहत तथा उच्च माध्यमिक तहमा १६ दरबन्दी र ३४ राहत शिक्षक कार्यरत छन् । कागजी रूपमा शिक्षक-विद्यार्थी अनुपात सन्तुलित देखिए पनि व्यवहारमा शिक्षक वितरण असन्तुलित रहेको पाइएको छ । जिल्ला शिक्षा समन्वय एकाइ सल्यानका प्रमुख शेरबहादुर रोकायले तल्लो कक्षामा शिक्षक बढी र माथिल्लो कक्षामा विषयगत शिक्षकको अभाव रहेको बताए । यस असन्तुलनका कारण कतिपय विद्यालयमा आवश्यक विषयगत शिक्षक नहुँदा पठनपाठन प्रभावकारी हुन सकेको छैन । सरोकारवालाका अनुसार यसले गुणस्तरीय शिक्षामा थप चुनौती सिर्जना गरेको छ ।ग्रामीण तथा दुर्गम क्षेत्रमा विद्यार्थी संख्या झन् न्यून देखिएको छ । कतिपय स्थानमा विद्यालय धेरै भए पनि विद्यार्थी कम हुँदा स्रोत साधनको प्रभावकारी उपयोग हुन सकेको छैन ।

दार्मा गाउँपालिका तिनका अभिभावक टीका शर्मा वलीका अनुसार बसाइँसराइ, घट्दो जन्मदर र निजी विद्यालयतर्फको आकर्षणका कारण सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दै गएको हो । शिक्षाविद् वीर बहादुर सेजुवालले विद्यालय समायोजन, शिक्षक दरबन्दी पुनर्संरचना र दीर्घकालीन शैक्षिक योजना निर्माणमा जोड दिनुपर्ने बताए ।

उनका अनुसार घुम्ती विद्यालयको अवधारणा, स्रोत साधनको उचित व्यवस्थापन र शिक्षकको प्रभावकारी परिचालन मार्फत मात्र गुणस्तरीय शिक्षा सुनिश्चित गर्न सकिन्छ ।

# युवालाई रोजगारीमुखी तालिम

❒ **काँक्रेविहार संवाददाता**
कैलाली, १३ वैशाख

टीकापुर नगरपालिकाले स्थानीय युवालाई रोजगारीसँग जोड्ने उद्देश्यले ४० जनालाई ‘ कम्प्युटर टेक्निसियन’ र ‘अफसेट छपाइ मेसिन अपरेटर’ सम्बन्धी तालिम सुरु गरेको छ ।

रोजगार सेवा केन्द्रमार्फत २० जना कम्प्युटरतर्फ र २० जना अफसेट प्रेसतर्फ सहभागी गराइएको छ । शनिबारदेखि सुरु भएको यो तालिम तीन सय ९० घण्टाको रहनेछ । प्रमुख प्रशासकीय अधिकृत सुमन धितालका अनुसार बेरोजगार युवालाई स्वरोजगार बनाउने र सम्भावना भएका क्षेत्रमा रोजगारीका अवसर सिर्जना गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको हो ।

उनका अनुसार प्राविधिक सीप भएका व्यक्तिलाई रोजगारीमा जोडिन सहज हुने भएकाले यस्तो तालिम आवश्यक रहेको छ । उनले भने, अहिले धेरै युवा विदेश गइरहेका छन्, तर प्राविधिक सीप सिकेर स्वदेशमै पनि राम्रो आम्दानी गर्न सकिन्छ ।

कम्प्युटर र छपाइसम्बन्धी सीप अहिलेको आवश्यकताअनुसारका क्षेत्र हुन् ।

धितालका अनुसार कम्प्युटर मर्मत र छपाइ क्षेत्रमा स्थानीय जनशक्ति अभाव हुँदा बाहिरी कामदारले अवसर पाइरहेका छन् ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# तीन सय ६८ खानेपानी आयोजना अलपत्र



❒ कांक्रेविहार संवाददाता
बुटवल, १३ वैशाख

लुम्बिनी प्रदेशका १२ जिल्लामा बर्सौंदेखि सुरु गरिएका तिन सय ६८ खानेपानी आयोजना अझै अलपत्र अवस्थामा रहेका छन् ।

करिब दुई दशकअघि सुरु गरिएका केही योजना समेत पूरा हुन नसक्दा स्थानीयवासी स्वच्छ खानेपानीको पहुँचबाट वञ्चित हुनुपरेको छ । अधिकांश आयोजना पर्याप्त बजेट विनियोजन नहुनु र सङ्घ-प्रदेशबीच समन्वय अभावका कारण अलपत्र परेको सरोकारवालाहरूको भनाइ छ । २०७४ सालपछि सङ्घीय सरकारले प्रदेशलाई हस्तान्तरण गरेका यी योजनालाई पूर्णता दिने विषयमा दुवै तहको सरकारको प्राथमिकता कमजोर देखिएको छ । पहाडी तथा ग्रामीण क्षेत्रमा खानेपानीको समस्या झनै गम्भीर बन्दै गएको छ । पानीका मुहान सुक्दै जाँदा पुराना योजनालाई लिफ्ट प्रणालीमा रूपान्तरण गर्नुपर्ने अवस्था आएको स्थानीय जनप्रतिनिधिहरूले बताएका छन् ।

पाल्पाको रिब्दीकोट गाउँपालिका-४ भैरवस्थानका वडाध्यक्ष सोमबहादुर कार्कीका अनुसार पुराना लागत अनुमानका आधारमा सुरु गरिएका योजनाका संरचना अहिले जीर्ण बन्दै गएका छन् । उनले भने १५ देखि २० वर्षअघि तयार पारिएका योजनाहरू अहिले बिग्रिन थालेका छन् । पटक-पटक बजेट माग गरे पनि पर्याप्त रकम आएको छैन ।

लुम्बिनी प्रदेश खानेपानी तथा सरसफाइ महाशाखाका प्रमुख गुणनिधि पोखरेलका अनुसार अलपत्र सबै आयोजनालाई पूर्णता दिन करिब १० अर्ब ९२ करोड ४६ लाख रुपैयाँ आवश्यक पर्ने देखिएको छ ।

चालु आर्थिक वर्षमा यी योजनाका लागि कुनै बजेट विनियोजन नभएको उनले जानकारी दिए सङ्घीय ससर्त अनुदानमार्फत आउने अपेक्षित बजेट नआउँदा धेरै योजना ठप्प भएको पोखरेलको भनाइ छ । उनले भने हरेक वर्ष न्यून बजेट आउँछ, त्यसले गर्दा योजना कहिले पूरा हुन्छ भन्ने यकिन गर्न सकिएको छैन । पाल्पाको रिब्दीकोट गाउँपालिका चार भैरवस्थानमा २०६४/६५ सालमा सुरु गरिएको अनिलधार लिफ्ट खानेपानी आयोजना पनि अझै सम्पन्न हुन सकेको छैन ।

करिब एक हजार घरधुरीलाई खानेपानी उपलब्ध गराउने लक्ष्यसहित सुरु गरिएको यो योजना १९ वर्ष बितिसक्दा पनि अधुरै छ । उपभोक्ता समिति अध्यक्ष तुलबहादुर अधिकारीका अनुसार अहिले पनि शाखा लाइन विस्तार, सर्भिस ट्याङ्की निर्माण, विद्युतीकरण र वितरण प्रणाली जस्ता काम बाँकी छन् ।

उनले भने दुई वर्षअघि सामग्री ल्याइए पनि ट्रान्सफर्मर र पोल जडान हुन सकेको छैन, विद्युत् नपुगेपछि योजना सञ्चालनमा आउन सकेको छैन ।

खानेपानी डिभिजन कार्यालय पाल्पाका इन्जिनियर सञ्जीव अधिकारीका अनुसार चालु आर्थिक वर्षमा योजनाका लागि बजेट नै नआएकाले कुनै प्रगति हुन सकेको छैन ।

स्थानीयवासीले लामो समयदेखि अधुरै रहेका यी योजनाका कारण दैनिक जीवनमा कठिनाइ बढेको बताएका छन् । स्वच्छ खानेपानीको अभावले स्वास्थ्य समस्या, समयको नोक्सानी र आर्थिक भारसमेत बढ्दै गएको उनीहरूको गुनासो छ ।

# डोल्पामा ९६ प्रतिशत योजना कार्यान्वयन



❒ कांक्रेविहार संवाददाता
डोल्पा, १३ वैशाख

हिमाली जिल्ला डोल्पाको खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालयले चालु आर्थिक वर्ष २०८२/८३ मा कुल एक सय छ योजनामध्ये एक सय एक वटा योजना कार्यान्वयनमा ल्याएको छ । यस अनुसार डोल्पामा मात्रै ९६.२८ प्रतिशत योजना कार्यान्वयन भएको कार्यालयले जनाएको छ । बाँकी केही योजनाहरू भने प्राविधिक तथा प्रशासनिक कारणले पूर्ण रूपमा कार्यान्वयनमा आउन नसकेको बताइएको छ । कार्यालयका अनुसार अधिकांश योजनाहरू खानेपानी, सिँचाइ र ग्रामीण ऊर्जा विस्तारसँग सम्बन्धित रहेका छन् । यी योजनाले दुर्गम बस्तीमा आधारभूत सेवा विस्तार, कृषि उत्पादन वृद्धि र स्थानीय जीवनस्तर सुधारमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । यसैबीच, कर्णाली प्रदेश सरकारको जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयले प्रदेशभर चालु आर्थिक वर्षमा विनियोजन गरिएका एक हजार तिन सय ७६ योजनामध्ये करिब ९०.२६ प्रतिशत योजना कार्यान्वयनमा ल्याइएको जनाएको छ ।

मन्त्रालयका अनुसार यो प्रगति सन्तोषजनक भए पनि केही जिल्लामा कार्यान्वयन गति अपेक्षाभन्दा सुस्त रहेको देखिएको छ । प्रदेशभरका योजनामध्ये हालसम्म एक सय ३९ वटा योजना सम्पन्न भइसकेका छन् भने एक सय ३४ वटा योजना कार्यान्वयनको विभिन्न चरणमा रहेका छन् । ५६ वटा योजना भने विविध प्रशासनिक, प्राविधिक तथा भौगोलिक कारणले कार्यान्वयनमा आउन सकेका छैनन् । जिल्लागत विवरण अनुसार सुर्खेतमा एक सय ७७ मध्ये एक सय ६८ योजना, सल्यानमा ७९ मध्ये ७४ योजना, दैलेखमा एक सय ८३ मध्ये एक सय ७४ योजना, कालिकोटमा एक सय ५९ मध्ये एक सय ५३ योजना, जुम्लामा एक सय चार मध्ये ९७ योजना र मुगुमा ९४ मध्ये ८४ योजना कार्यान्वयनमा आएका छन् ।

त्यस्तै रुकुम पश्चिममा एक सय ४३ मध्ये एक सय २० योजना, जाजरकोटमा एक सय १३ मध्ये एक सय दुई योजना तथा हुम्लामा दुई सय २२ मध्ये दुई सय योजना कार्यान्वयनमा ल्याइएको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार अधिकांश योजनाहरू ग्रामीण पूर्वाधार, खानेपानी, सिँचाइ प्रणाली विस्तार तथा ऊर्जा पहुँच सुधारसँग सम्बन्धित छन् । दुर्गम क्षेत्रका नागरिकलाई आधारभूत सेवासम्म सहज पहुँच पुऱ्याउने उद्देश्यले यी योजनाहरू कार्यान्वयनमा ल्याइएको हो ।

# नेटवर्कको समस्या सुधार भएन

❒ कांक्रेविहार संवाददाता
बाजुरा, १३ वैशाख

जिल्लाको तल्लो क्षेत्र त्रिवेणी र बुढीगङ्गा क्षेत्रमा लामो समयदेखि नेटवर्क समस्या समाधान हुन सकेको छैन । नेपाल टेलिकमले तोली र बानेगाउँको माथिल्लो डाँडामा टावर निर्माण गरे पनि स्थानीयवासीले अझै प्रभावकारी फोन सेवा पाउन नसकेको गुनासो गरेका छन् । गाउँगाउँमा टेलिफोन टावर स्थापना भए पनि नियमित र भरपर्दो सेवा सञ्चालन नहुँदा स्थानीय बासिन्दा समस्या भोग्न बाध्य भएका छन् ।



यस अघि त्रिवेणी नगरपालिका चार तोलीस्थित टावरको भरमा स्थानीयले फोन सेवा प्रयोग गर्दै आएका थिए बुढीगङ्गा नगरपालिका चार बानेगाउँकी स्थानीय गोमती कटुवालका अनुसार पहिले तोलीको टावरले राम्रो काम गरे पनि अहिले गाउँमै टावर बनेपछि सेवा झन् कमजोर भएको छ ।

उनले भने पहिले तोलीको टावरले राम्रो काम गर्थ्यो, अहिले गाउँमै टावर बनेपछि फोन लाग्ने ठाउँमा पनि नलाग्ने भएको छ । यो समस्या गत वर्षदेखि देखिन थालेको हो । स्थानीयहरूले पटक-पटक नेपाल टेलिकम शाखा बाजुरामा जानकारी गराए पनि समस्या समाधान नभएको गुनासो गरेका छन् ।

नेपाल टेलिकम शाखा बाजुराका प्रमुख ईश्वर सिंहले बानेगाउँ क्षेत्रमा नेटवर्क सहज बनाउन सब-टावर राखिएको भए पनि समस्या आएकोबारे औपचारिक जानकारी नआएको बताए ।

उनले समस्या भए औपचारिक रूपमा पत्राचार गर्नुपर्ने बताए । यता बुढीगङ्गा नगरपालिका प्रमुख रामबहादुर बानियाँका अनुसार विगत पाँच महिनादेखि क्षेत्रमा निरन्तर नेटवर्क समस्या रहँदै आएको छ ।

उनले नेपाल टेलिकम शाखा बाजुरालाई धेरै पटक निवेदन पठाइए पनि अहिलेसम्म कुनै ठोस सुधार नदेखिएको बताए ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

घर घरमा हुलाक, मन मनमा हुलाक
छिटोछरितो, सस्तो, भरपर्दो र विश्वसनीय द्रुत हवाई डाँकसेवा (Air Ems) प्रयोग गरी चिठीपत्र, कागजात र सामानहरू स्वदेश तथा विदेशमा आदान-प्रदान गरौं ।
हुलाक निर्देशनालय, सुर्खेत
सम्पर्क: ०८३-५२०२३४/०८३५२०१७५

# तीव्र मूल्यबृद्धिले निर्माण कार्यमा असर परेको भन्दै व्यवसायीको आपत्ती

❒ कांक्रेविहार संवाददाता
सुर्खेत, १३ वैशाख

कर्णाली प्रदेश निर्माण व्यवसायी महासंघले निर्माण सामग्रीमा भएको तीव्र मूल्यवृद्धि र आपूर्तिमा आएको असहजताका कारण निर्माण क्षेत्र गम्भीर संकटमा परेको जनाएको छ ।

महासंघले आइतबार जारी गरेको प्रेस विज्ञप्तिमा डिजेल, पेट्रोल, मट्टीतेल लगायत इन्धन तथा सिमेन्ट, डन्डी जस्ता निर्माण सामग्रीको मूल्य निरन्तर बढ्दा निर्माण कार्य प्रभावित भएको उल्लेख छ । महासंघका महासचिव मानव बमका अनुसार मूल्यवृद्धि र अभावका कारण धेरै निर्माण आयोजनाहरू सुस्त बन्नुका साथै कतिपय ठप्प हुने अवस्थामा पुगेका छन् ।

'यसले निर्माण व्यवसायी मात्र होइन, श्रमिक र यससँग सम्बन्धित अन्य उद्योगहरूमा समेत प्रत्यक्ष असर परेको छ' उनले भने, 'मूल्य समायोजनको स्पष्ट नीति ल्याउन, निर्माण व्यवसायीलाई राहत दिन र चलिरहेका आयोजनाहरूलाई निरन्तरता दिन आवश्यक पहल गर्न अनुरोध छ ।'

हालको परिस्थितिका कारण तोकिएको समयमा आयोजना सम्पन्न गर्न कठिन हुने भन्दै महासंघले बैंक ग्यारेन्टी, ब्याजदर तथा अन्य आर्थिक दायित्वमा सहुलियत दिन पनि सरकारसँग आग्रह गरेको छ । सरकारले समयमै प्रभावकारी हस्तक्षेप नगरे निर्माण क्षेत्र अझै गम्भीर संकटतर्फ जाने चेतावनी दिएको छ । निर्माण सामग्रीको मूल्यबृद्धि र आपूर्ति असहज भइरहेका बेला निर्माण व्यवसायीहरूले चुनौतीबीच काम सञ्चालनका वैकल्पिक उपाय अपनाउन थालेका छन् । कर्णाली प्रदेशका विभिन्न क्षेत्रमा सक्रिय व्यवसायीहरूले लागत व्यवस्थापन, कार्यतालिका पुनर्संरचना र सरकारी समन्वयमार्फत निर्माण कार्यलाई निरन्तरता दिन खोजिरहेका हुन् ।

तर निर्माण व्यवसायीहरूका अनुसार अत्यावश्यक आयोजनालाई प्राथमिकतामा राख्दै काम अगाडि बढाउने, सामग्रीको उपलब्धता अनुसार चरणबद्ध निर्माण गर्ने र अनावश्यक खर्च कटौती गर्ने रणनीति अपनाउन चुनौती बन्दै गएको छ । दीर्घकालीन असर न्यूनीकरण गर्न आपूर्तिकर्तासँग समन्वय बढाउने र स्थानीय स्रोतको अधिकतम प्रयोग गर्ने प्रयास भइरहेको छ ।




कांक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, Email : ekankrebihardaily@gmail.com, web : kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)